


# राष्ट्रिय वाणिज्य बैंक लि. समाचार

देशको आर्थिक सामाजिक विकासमा ५१ वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक लि.

वर्ष २३ अंक ३ वैशाख–असार २०७३ | Year 23 Vol 3 May-July 2016

## राष्ट्रिय वाणिज्य बैंक लि. लाई

# 'दि वेष्ट आईसिटि यूजर अवार्ड'

**वैशाख २, काठमाडौं**

उत्कृष्ठ ढंगले सूचना तथा संचार प्रविधिको उपयोग गरे वापत सार्वजनिक क्षेत्रवाट राष्ट्रिय वाणिज्य बैंक लि. 'दि वेष्ट आईसिटि यूजर इन पब्लिक सेक्टर अवार्ड' २०१६ बाट पुरष्कृत भएको छ । उक्त पुरस्कार सम्माननीय उपराष्ट्रपति नन्द बहादुर पुनले राष्ट्रिय वाणिज्य बैकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठलाई नेपाल सरकार सूचना तथा प्रविधि विभाग तथा कम्प्युटर महासंघ नेपालद्वारा सूचना तथा संचार प्रविधि दिवशको अवसरमा संयूक्त रुपमा आयोजित विशेषः समारोहका बीच हस्तान्तर गर्नुभयो । गत वर्षको महाभूकम्पको कठिन अवस्थामा जनताको आधारभूत आवश्यकताको रुपमा रहेको बैकिङ्ग सेवा निर्वाध ढंगले उपलव्ध गराएकोमा बैकलाई उक्त पुरष्कार प्रदान गरिएको हो । उक्त कार्यक्रममा सम्वद्ध संस्थाहरूका वरिष्ठ पदाधिकारीहरूको सहभागिता थियो ।




*सम्माननीय उपराष्टपति नन्दबहादुर पुनद्वारा प्रदत्त दि वेष्ट आईसिटि यूजर अवार्ड ग्रहण गर्दै रावाबैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठ दायाँबाट प्रथम*

# वाणगंगामा राष्ट्रिय वाणिज्य बैंकको शाखा स्थापना

जेठ ३०, कपिलवस्तु जिल्लाको वाणगंगा नगरपालिकामा राष्ट्रिय वाणिज्य बैंकको १६५ औं शाखा कार्यालय स्थापना गरिएको छ। उक्त शाखाको अर्थ राज्य मन्त्री दामोदर भण्डारीले एक समारोहका बीच समुद्घाटन गर्नुभयो। सो समारोहमा प्रमुख अतिथि अर्थ राज्य मन्त्री दामोदर भण्डारीले पूर्ण सरकारी राज्य मन्त्री भण्डारीले ससाना उद्यमी व्यवसायीलाइ वित्तिय क्षेत्रमा सामेल गराई उनीहरुको शीप क्षमताको उत्पादनशील परिचालनमा सरकारले जोड दिने वताउनुभयो । राष्ट्रिय वाणिज्य बैकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठले रावाैकले नयां संभाव्य क्षेत्रहरुमा शाखा स्थापना गरि वित्तिय प्रमुख उध्दव प्रसाद खनालले स्वागत मन्तव्य प्रस्तुत गर्नुभएको थियो ।

बैकका उप प्रवन्धक इश्वरी न्यौपानेको संचालनमा सम्पन्न उक्त समारोहमा स्थानीय उद्यमी व्यवसायी तथा सर्वसाधारणको भव्य उपस्थिति थियो ।



तस्विरः सरोज बस्नेत

वाणिज्य बैकको नाताले सबैभन्दा बढी जनहितको सरोकार राख्ने बैक रावावैक रहेकाले सरकारको नीति तथा कार्यक्रम कार्यान्वयनमा समेत यस बैंकले अग्रसरता लिनुपर्ने वताउनुभयो । सो अवसरमा अर्थ पहुंच विस्तार गर्ने वताउनुभयो । बैकको पोखरा क्षेत्रका प्रवन्धक राज कुमार खड्काको सभापतित्वमा सम्पन्न उक्त समारोहमा ब्रान्च अपरेसन विभागका

## यस अंकमा

- रावावैकको १० औ वार्षिक साधारण सभा सम्पन्न
- रावावैकमा नयां प्रमुख कार्यकारी अधिकृतद्वारा पदभार ग्रहण
- नवनियुक्त प्रमुख कार्यकारी अधिकृतसँगको अन्तरवार्ता
- रावावैकलाई बेष्ट आईसिटि अवार्ड
- ब्रान्च प्रोफाईल : सर्वोत्कृष्ठ शाखा कार्यालय लालवन्दि
- मुख्य प्रवन्धक स्तरीय अन्तरक्रिया कार्यक्रम (गोदावरी मिट्)
- साथमा तालीम, यूनियन गतिविधि लगायतका स्थायी स्तम्भहरू

# सम्पादकीय

वि.सं. २०७२ को पूर्वार्ध्द नेपालको लागि मात्र होइन रावावैकको लागि समेत सुखद् रहेन । महाभूकम्पजस्तो प्राकृतिक विपत र नाकावन्दीजस्तो मानव सिर्जित विपत्को मार रावावैकलाई पऱ्यो । अझै त्यस बाहेक करिव झण्डै ३ महिनाको अवधि बैकले नेतृत्व संकटको सामना गर्नु पऱ्यो । नेतृत्व विहिनताको अवस्था कति भयावह हुन्छ कति अन्योलपूर्ण हुन्छ त्यो हामीले भोगेकै विषय रह्यो । २०७२ सालको विदाई हुने वखतमा बैकले खुला प्रतियोगिताद्वारा प्रमुख कार्यकारी अधिकृत प्राप्त गऱ्यो । बैकले अब कम्तिमा पनि ४ वर्षसम्म व्यवस्थापकीय नेतृत्वविहिनताको अवस्था भोग्नु पर्ने छैन ।

हो ,वित्तिय क्षेत्र सुधार यता रावाबैकले हासिल गरेका उपलब्धिहरू क्षयिकरणको दिशा तर्फ उन्मुख रहेको वर्तमान् कालखण्डमा त्यसलाई रोकेर सुधारोन्मुख मार्गमा अग्रसर गराउने चुनौती नयाँ व्यवस्थापनका कांधमा छ । नवनियुक्त प्रमुख कार्यकारी अधिकृतले कार्यभार सम्हाल्ने क्रममा र अन्य समारोहहरूमा व्यक्त गर्नुभएका विगतका उपलब्धिहरूलाई दिगो बनाउने, आगामी ४ वर्षभित्र बैकलाई कारोवार,मुनाफा,सेवाको गुणस्तर, वित्तिय पहुंच तथा समावेशिता सबै आधारमा पहिलो नम्बरको बैक बनाउने प्रतिवध्दताले बैंकभित्र र वाहिर राम्रो आशाको संचार गराएका छन् । निसन्देह बैकले यस दिशामा प्राप्त गर्ने सफलताले राष्ट्रिय अर्थतन्त्रमा ठूलो टेवा पुऱ्याउने छ । अब पालो आएको छ नेतृत्वद्वारा व्यक्त प्रतिवध्दतालाई साकार बनाउन योजनावध्द रुपमा सामूहिक रुपमा अघि बढ्ने । बैंक संचालक समिति, व्यवस्थापकीय नेतृत्व र कर्मचारीको सामुहिक प्रयत्न विना बैकको विकास संभव नहुने यथार्थको आलोकमा नेतृत्वले देखाएको सपनाको मार्गचित्रमा बैकलाई हिंडाई बैकको सफलता सुनिश्चित गराउने जिम्मा हामी सबैको कांधमा छ ।

...वर्तमानले सुम्पेको यस गुरुत्तर अभिभारा वहनमा सफल हुन सकौं हामी ।

**अन्तमा आफ्नै बारेमा** ...

वास्तवमा कुनै पनि संस्थाको प्रकाशनको सम्पादक हुनु भनेको त्यस संस्थाका समस्यासंग एकाकार हुंदै संस्थाको उन्नयन तथा ख्याती सम्वर्ध्दनमा अक्षरका माध्यमले सघाउनु हो । संस्थाभित्रका सबै समस्याहरु सम्पादकलाई चिठी मार्फत उजागर गर्न सकिन्छ तर स्वयम् सम्पादकका समस्या विसाउने ठाउं भने व्यवस्थापन मात्र हो । वैशाखको पहिलो हप्ता मेरो अवकाश पश्चात बैकको वाह्य संचारमा कुनै असर नपरोस् भन्ने मनसायले कुनै कर्मचारीको वैकल्पिक व्यवस्थाको लागि केही अघि नै बैकका प्रमुख सुचना अधिकारीज्यू,प्रमुख कार्यकारी अधिकृतज्यू र संचालक समितिका अध्यक्षज्यूलाई समेत अनुरोध गरेको थिएं । म स्वयम् वरिष्ठ प्रवन्धकबाट निवृत्त हुन लागिरहेकोले बैकमा सूचना रिक्तताको अवस्था आउन नदिनु मेरो पनि नैतिक जिम्मेवारी रहने नै भयो, त्यसैले मेरो यो आग्रह कुनै लालसाले नभई संस्थाप्रतिको गंभीर दायित्ववोधले अभिप्रेरित थियो । मेरो यो आग्रहलाई गंभीरतापूर्वक सुनिदिएर मलाई असोज १ सम्म बैंकको संचार सम्वन्धी कार्यलाई निरन्तरता दिने अनुमति दिएकोमा बैक व्यवस्थापन, संचालक समिति र समग्र बैक परिवारप्रति हार्दिक आभार प्रकट गर्दछु ।

मेरो यस बैकको जन सम्पर्क अधिकृतको रुपमा लामो कार्यकालमा रावावैकको गतिविधिसम्वन्धी सामाग्रीहरु प्रकाशित प्रसारित गरेर सहयोग पुऱ्याउने वाह्य संचार माध्यमका सबै मित्रहरुप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ... ।

केही अघि सेवा निवृत्त हुनुभएका यस समाचारका सह सम्पादक भरत नेपालको सुखद् जीवनको कामना... ।

हाम्रा शास्त्रमा वताइएको छ 'त्वदियं वस्तु ........तुभ्यमेव समर्पयेत्' अर्थात हे भगवान हजुरले दिएको वस्तु हजुरलाई नै चढाएं, रावावैकले मलाई उपलब्ध गराएकोज्ञान,शीप,स्थान,साधनर बैकको विभिन्न विभाग,कार्यालय तथा शाखामा कार्यरत यहांहरुले उपलब्ध गराएका सूचना सामग्री प्रयोग गरेर तयार भएको यो रावावैक समाचार राष्ट्रिय वाणिज्य बैकलाई नै समर्पण, जो जसले जहां जहांबाट जे जसरी सघाउनु भयो त्यस निम्ति सबैलाई हार्दिक धन्यवाद एवम् कृतज्ञता ज्ञापन गर्दछु ।

*–मुकुन्द अर्याल*

# राष्ट्रिय वाणिज्य बैकका नवनियुक्त प्रमुख कार्यकारी अधिकृतद्वारा पदभार ग्रहण

**चैत २९ काठमाडौ**

राष्ट्रिय वाणिज्य बैकमा नवनियुक्त प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठले बैकमा आयोजित एक विशेषःकार्यक्रमका बीच पदभार ग्रहण गर्नुभयो । सो अवसरमा प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले देशको ठूलो र पूर्ण सरकारी राष्ट्रिय वाणिज्य बैकको प्रमुख कार्यकारी पदको जिम्मेवारीलाइ राष्ट्र र जनताको सेवा गर्ने एक महत्वपूर्ण अवसरको रुपमा सदुपयोग गर्ने प्रतिवध्दतासहित देशको आर्थिक सामाजिक रुपान्तरणमा यस बैकको भूमिका अभिवृध्दि निम्ति आफूले पेश गरेको व्यावसायिक योजना वमोजिम अघि बढ्ने र यस पुनित कार्यमा सम्वध्द सबै पक्षबाट सहयोग प्राप्त हुने विश्वास प्रकट गर्नु भयो । बैकका उच्चस्तरका प्रवन्धकहरूको सहभागिता रहेको उक्त कार्यक्रममा नायव महाप्रवन्धक विष्णु प्रसाद वैद्यले बैकको समग्र अवस्थाबारे संक्षिप्त जानकारी सहित बैक परिवारको तर्फबाट स्वागत मन्तव्य



दिनुभएको थियो भने नायव महाप्रवन्धक भुपेन्द्र प्रसाद पाण्डेले बैक सामु रहेका चुनौती तथा अवसरबारे प्रकाश पार्नुभएको थियो ।

वि.सं. २०१३ मा चैनपुर नगरपालिका वडा नं १० संखुवासभामा जन्मी त्रिविविबाट जन प्रशासनमा स्नातकोत्तर उपाधी हासिल गर्नुभएका श्रेष्ठले यस अघि देशकै अग्रणी बैक नेपाल बैक लिमिटेडमा विभिन्न कार्यालय तथा विभागहरूमा महत्वपूर्ण जिम्मेवारीका साथै महाप्रवन्धकको उच्च जिम्मेवारीको (२०६९ देखि २०७१) अनुभव संगाल्नुभएको छ । वित्तिय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत नेपाल बैक लि.को समग्र सुधार तथा विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएका श्री श्रेष्ठ राष्ट्रिय वाणिज्य बैकमा खुल्ला प्रतिष्पर्धाबाट नियुक्त हुने दोश्रो प्रमुख कार्यकारी अधिकृत हुनुहुन्छ ।

**समाचार संक्षेप**

## राष्ट्रिय वाणिज्य बैंक: संचालकस्तरीय गोष्ठी सम्पन्न

२१ जेठ धुलिखेल

नेपाल राष्ट्र बैकका निवर्तमान तथा वहालवाला उच्च अधिकारीहरू तथा राष्ट्रिय वाणिज्य बैक संचालक समितिका अध्यक्ष तथा सदस्यहरूको सहभागितामा आयोजित गोष्ठी हालै सम्पन्न भयो । उक्त गोष्ठीमा नेपाल राष्ट्र बैकका पूर्व डेपुटी गभर्नर महाप्रसाद अधिकारी, कार्यकारी निर्देशकद्वय नारायणप्रसाद पौडेल र शिवनाथ पाण्डे, राष्ट्रिय वाणिज्य बैक संचालक समितिका अध्यक्ष डा. रवीन्द्र प्रसाद पाण्डे र सबै संचालकहरू, राष्ट्रिय वाणिज्य बैकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठ र चारै नायव महाप्रवन्धकहरू तथा कम्पनी सचिवको सहभागिता थियो ।

## नायक महाप्रवन्धक वैद्यलाई जिम्मेवारी थप

राष्ट्रिय वाणिज्य बैकका नायव महाप्रवन्धक विष्णु प्रसाद वैद्यलाई बैंकको प्रमुख सूचना अधिकारीको जिम्मेवारी समेत थप गरिएको छ ।

# राष्ट्रिय वाणिज्य बैक लि. को वार्षिक साधारण सभा सम्पन्न

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको आ.व.०७१।०७२ को १० औं वार्षिक साधारण सभा हालै काठमाडौमा सम्पन्न भयो। राष्ट्रिय वाणिज्य बैक लि.संचालक समितिका अध्यक्ष डा. रवीन्द्र प्रसाद पाण्डेको सभापतित्वमा सम्पन्न उक्त साधारण सभामा अध्यक्ष डा. पाण्डेले बैकको चुक्ता पुंजी ८ अर्ब ५८ करोड ८९ लाख पुगी बैक वित्तिय आधारमा सवल अवस्थामा रहेको बताउनुभयो। साधारण सभाले




*वार्षिक साधारणसभामा स्वागत मन्तव्य प्रस्तुत गर्दै बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठ दायाँबाट प्रथम*

अध्यक्ष डा.पाण्डेद्वारा प्रस्तुत बैकको आर्थिक वर्ष ०७१।०७२ को वार्षिक प्रतिवेदन पारित गरेको छ। सो सभामा बैकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठले स्वागत मन्तव्य प्रस्तुत गर्नुभएको थियो। स्वागत मन्तव्यका क्रममा प्रमुख



*(साधारण सभामा छलफलको एक झलक संचालक निर्मलहरि अधिकारी र वटुकनाथ ढकाल बायाँबाट क्रमश)*

कार्यकारी अधिकृत श्रेष्ठले राष्ट्रिय अर्थतन्त्र र बैकिंग क्षेत्रको असहज अवस्थाका बीच आफूले प्रमुख कार्यकारीको जिम्मेवारी वहन गरेको स्मरण गराउदै यस बैकले वित्तिय क्षेत्र सुधार कार्यक्रम यता हासिल गरेका उपलब्धिलाई दिगो बनाई आफ्नो कार्यकालको ४ वर्षभित्र कारोवार,मुनाफा, सेवाको गुणस्तर,वित्तिय पहुंच तथा समावेशिता र सार्वजनिक उत्तरदायित्व वहन लगायतका सबै आधारमा देशको पहिलो बैकको रुपमा विकास गर्ने प्रतिवध्दता प्रकट गर्नुभयो।

सो कार्यक्रममा शेयर होल्डर महानुभावहरुले उठाएका विभिन्न जिज्ञाशाबारे बैक संचालक समितिका अध्यक्ष डा. रवीन्द्र प्रसाद पाण्डे ,संचालक निर्मलहरि अधिकारी, प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठले जवाफ दिनुभएको थियो।

बैकका कम्पनी सचिव टेकराज जोशीको सहजिकरणमा सम्पन्न उक्त साधारण सभामा शेयरहोल्डरहरू क्रमशः अर्थ मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, उद्योग मन्त्रालय, वाणिज्य तथा आपूर्ति मन्त्रालय, उर्जा मन्त्रालय, सिंचाई मन्त्रालयका प्रतिनिधिहरू, बैकका नायव महाप्रवन्धकहरू विष्णु प्रसाद वैद्य, भुपेन्द्र पाण्डे, कविराज अधिकारी, सुशिल श्रेष्ठ लगायत उच्च पदस्थ



*वार्षिक साधारणसभाको एक झलक*

अधिकृतहरू, बैकमा कार्यरत ट्रेड यूनियनका प्रतिनिधिहरू आर्थिक पत्रकार शितल कोइराला लगायतका महानुभावहरूको सहभागिता थियो।

नेपाल सरकारको पूर्ण स्वामित्वमा वि.सं २०२२ सालमा स्थापित यस बैकको देशका ६८ जिल्लामा १६७ शाखा, १६ काउन्टर र ६८ ब्रान्चलेस बैकिंगको



कार्यसंजाल रहेको छ। झण्डै १३ वर्षअघि आरम्भ भएको वित्तिय क्षेत्र सुधार कार्यक्रमयता समग्र वित्तिय स्वास्थ्यमा आमूल सुधार ल्याएको यस बैकले चालु आर्थिक वर्षको ९ महिना अर्थात गत चैत्र मसान्तसम्म निक्षेप १ खर्व ३० करोड, कर्जा सापट ७९ अरब २९ करोड, लगानी ३८ अर्ब पुऱ्याएको छ भने खुद मुनाफा १ अर्ब ६२ करोड रहेको छ।

## रावावैकमा नयाँ जिम्मेवारी

### वैद्य र पाण्डे बैंकको नायव प्रमुख कार्यकारी अधिकृत

राष्ट्रिय वाणिज्य बैंक संचालक समितिको मिति २०७३।३।२१ को निर्णयानुसार बैकका नायव महाप्रवन्धकद्वय विष्णु प्रसाद वैद्य र भुपेन्द्र पाण्डेलाई मिति २०७३।३।२२ देखि लागू हुने गरि का.मु. नायव प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारी तोकिएको छ।

### रावावैकको कम्पनी सचिवमा योगी

का.मु. वरिष्ठ प्रवन्धक शम्भुनाथ योगी ( ९५०१) लाई मिति २०७३ असार १३ देखि राष्ट्रिय वाणिज्य बैंक लि. को कम्पनी सचिवको जिम्मेवारी तोकिएको छ।

अन्तरवार्ता

# श्री किरण कुमार श्रेष्ठ, प्रमुख कार्यकारी अधिकृत, राष्ट्रिय वाणिज्य बैंक

**वि.सं. २०१३ असार १४ गते चैनपुर २ संखुवासभामा जन्मनुभएका श्री श्रेष्ठले वि.सं २०४३ मा नेवैलिको सहायक प्रवन्धकबाट बैकिंग सेवा आरम्भ गरी विभिन्न शाखा,विभाग तथा कार्यालयमा विभिन्न महत्वपूर्ण जिम्मेवारी सम्हाल्नुभएको छ । विश्व बैंकको सहयोगमा संचालित वित्तिय क्षेत्र सुधार कार्यकम,करार व्यवस्थापन अन्तर्गत व्यवस्थापन समूहको सदस्यको रुपमा नेपाल बैक लिमिटेडभित्रबाट प्रमुख संयोजनकारी भूमिका निर्वाह गर्नुभएका श्री श्रेष्ठले सोही बैकमा महाप्रवन्धकको उच्च जिम्मेवारीको अनुभव संगाल्नुभएको छ । रावावैकमा खुल्ला प्रतिषर्धाबाट नियुक्त दोश्रो प्रमुख कार्यकारी अधिकृत श्री श्रेष्ठसंग रावावैक समाचारले गरेको संक्षिप्त कुराकानी**

*वधाई तथा स्वागत छ यहांलाई रावावैक समाचारको तर्फबाट ।*

धन्यवाद ।

*यहां, तीव्र प्रतिषर्धाका बीच देशकै ठूलो बैकमा उच्च कार्यकारी पदमा छानिनुभएको छ। कस्तो अनुभूति भएको छ ?*

म करिव ४१ वर्ष अगाडि नै वि.सं २०३२ सालमा रावावैकमा खाता खोलेर यस बैक परिवारमा आवध्द भएको थिएँ । जुन बैकमा जीवनमा पहिलोपटक बैक खाता खोलेँ संयोगले सोही बैकमा प्रमुख कार्यकारी अधिकृत हुन पाउँदा अत्यन्त प्रशन्नता र गौरवको अनुभूति भएको छ । यसलाई मेरो जीवनको महत्वपूर्ण र सुखद् संयोग मानेको छु। साथै देशकै ठूलो तथा पूर्ण सरकारी वाणिज्य बैंक सामु रहेको सार्वजनिक दायित्व वहनको हिसाबले अत्यन्त ठूलो जिम्मेवारीको बोध पनि भएको छ।

*नेपाल बैक लि. मा यहांको लामो कार्यानुभव रह्यो, त्यस बैकको सुधारमा समेत यहांको भूमिका रह्यो । रावावैकलाई पनि आगामी ४ वर्षभित्र सबै आधारमा उत्कृष्ठ बैक बनाउने उद्घोष यहांले गर्नुभएको छ। कत्तिको आशावादी हुनुहुन्छ ?*

म पूर्ण रुपले आशावादी छु, राष्ट्रिय वाणिज्य बैंक सरकारको पूर्ण स्वामित्व भएको देशको सबैभन्दा ठूलो बैंक हो । यस बैकसंग रहेका पूँजी, देशव्यापी शाखा संजाल, ख्याती तथा जनताको अपार विश्वास, अनुभवी तथा दक्ष जनशक्ति, प्रचुर श्रोत साधन जस्ता सवल पक्षहरूको व्यवस्थित र योजनावध्द ढंगले परिचालनबाट यस बैकलाई उत्कृष्ठ बैक बनाउन सकिन्छ । यसै आधारविन्दुमा टेकेर मैले बैक विकासको व्यावसायिक योजना बनाएको छु, यी योजनाहरू वार्षिक कार्यक्रममा



प्रतिविम्वित हुनेछन्, ती योजनाहरू कार्यान्वयन हुने र मैले गरेको उद्घोष साकार हुनेमा म पूर्ण आशावादी छु।

*वित्तिय क्षेत्र सुधार कार्यकम पश्चात सवल बनेको रावावैकले गत वर्षको महाभूकम्प, केही पहिलेको तराई अशान्ति तथा सीमानाकामा व्यवधान, केही महिनाको प्रमुख कार्यकारी विहिनता, ठूलो संख्यामा कर्मचारीको वहिर्गमन, आदीका कारण केही असहज अवस्थाको सामना गर्नु परेको छ। तिनको उपचारबारे के कस्ता सोंच बनाउनुभएको छ ?*

गत वर्षको महाभूकम्पको पीडा सेलाउन नपाउँदै पुन सीमानाकामा अवरोधका कारण देशको आर्थिक क्षेत्र अत्यन्त नराम्रो ढंगले प्रभावित भयो । यसबाट देशको उद्योग, व्यापार, सेवा, कृषि क्षेत्रले ठूलो नोक्सानी बेहोर्नुपर्‍यो । यसैगरि हाम्रो बैकभित्र पनि लामो समयदेखि प्रमुख कार्यकारी अधिकृतको रिक्तताले बैकको कारोवार व्यवसाय प्रभावित रहेको स्थिति रह्यो । त्यस्तै कर्मचारी विनियम अनुसार वर्षेनी ठूलो संख्यामा



कर्मचारीले अवकाश पाइरहेको अवस्था छ। यो रिक्तता पूरा गर्न नयाँ पदपूर्तिको विकल्प छैन, नयाँ कर्मचारी भर्ना गर्न केही कानुनी अड्चनहरू छन्, ती अड्चन फुकाउने कोशिस भइरहेको छ । मलाई लाग्छ छिटै यो अड्चन फुक्छ र हामी तल्लो तहमा नयां पदपूर्तिको प्रकृया आरम्भ गर्न सक्छौं । बैक भित्रकै योग्यता पुगेका कर्मचारीबाट माथिल्लो तहको रिक्तता पूरा गरिने छ।

*कृषि क्षेत्रमा लगानी बढ्न नसकेकोमा पूर्ण सरकारी बैकको नाताले हाम्रो बैक उपर औंलो ठड्याइन्छ , यस क्षेत्रमा लगानी बढाउन के गर्नु पर्ला ?*

कृषि क्षेत्रमा लगानी बढाउन बैकले छुट्टै विभाग गठन गरी काम गर्दै आएको छ । यसका वावजुद अपेक्षित रुपले बढ्न सकेको छैन । यस क्षेत्रमा लगानी बढाउन हाम्रो साथै सरोकारवालाको पनि त्यत्तिकै प्रयास आवश्यक छ। कृषि उद्यमीमा आत्मविश्वास सिर्जना,कृषि वीमाको व्यापक विस्तार,कृषि बजारको उचित व्यवस्था, कृषि उत्पादकत्व बढाउन महत्वपूर्ण स्थान ओगट्ने मल विउ विषादी सिंचाईको उचित व्यवस्था हुन सकेमा व्यावसायिक कृषितर्फ आकर्षण बढी कृषि व्यवसायी / उद्यमीको संख्या बढ्ने र यसबाट कृषि कर्जाको माग वृहत रुपमा बढ्न सक्छ । सरोकारवालाबाट यस दिशामा हुने प्रयासले कृषि क्षेत्रमा सिर्जना हुने उपयुक्त परियोजनाहरूमा लगानी गर्न बैक सदा तम्तयार रहेको छ। साथै आगामी आ.व.मा कृषि क्षेत्रमा लगानी अभिवृध्दि गर्न विशेषः योजना तर्जुमा गर्ने कार्यक्रम रहेको छ।

*रावावैकका कर्मचारी तथा ग्राहकलाई यहांको केही सन्देश छ कि ?*

अनुभवी तथा नयां दुबै कर्मचारी राष्ट्रिय वाणिज्य बैंकका अमूल्य सम्पत्ति हुन । पूर्ण सरकारी स्वामित्वको वाणिज्य बैक भएकोले यो वैक एक व्यावसायिक संस्था भएतापनि यो बैक र यस बैकका कर्मचारीको राष्ट्रिय दायित्व पनि छ । यस पृष्ठभूमिमा देशको ग्रामीण इलाकामा वित्तिय पहुंच विस्तारका साथै पहुंच पुगेका स्थानमा स्थानीय जनतालाई सरल सहज बैकिंग सेवा उपलव्ध गराउन ,बैकिंग नेटमा नरहेका जनतालाई बैकिंग कारोवारमा आवध्द गराउन,उनीहरूको बैकिंग कारोवार अभिवृध्दि गराउन तथा स्थानीय संभाव्य परियोजनाहरूमा कर्जा सहभागिताबाट त्यस क्षेत्रको आर्थिक सामाजिक विकास निम्ति उत्प्रेरकको भूमिका निभाउन कर्मचारी वर्गलाई आग्रह गर्दछु । व्यावसायिक ढंगले बैकको भलो चिताएर आआफ्नो स्थानबाट इमान्दारी पूर्वक कर्तव्य पूरा गर्नुहोस् ,मैले सबै कर्मचारीलाई अभिभावकत्व दिनेछु। निसन्देह बैक व्यवस्थापनले कर्तव्यनिष्ठ इमान्दार कर्मचारीलाई विना कुनै भेदभाव यथोचित रुपमा पुरष्कृत गर्ने छ ,बैक हित विपरीतका क्रियाकलापलाई निरुत्शाहित गरिनुका साथै त्यस्ता क्रियाकलापहरू दण्डनीय हुनेछन् ।

ग्राहक महानुभावले यस बैकप्रति देखाएको अपार स्नेह ,सद्भाव र विश्वासप्रति हामी सदा आभारी छौ, रहनेछौ, यहाँहरूलाई चुस्त बैकिंग सेवा उपलव्ध गराउन हामी सदा तत्पर छौं, यो बैक पूर्ण सरकारी बैक भएको नाताले यस बैकलाई सांचो अर्थमा जनताको बैक हो भन्ने भावनालाई सार्थक बनाउने प्रतिवध्दता प्रकट गर्दै यस बैकको सेवामा केही कमी कमजोरी रहे सुझाव दिएर सेवा सुधारमा योगदान पुर्‍याउन ग्राहक महानुभावलाई आग्रह गर्दछु ।

# मुख्य प्रवन्धक स्तरीय अन्तरकिया कार्यक्रम

**वैशाख १८ गोदावरी**

राष्ट्रिय वाणिज्य बैंकले हाल भोगिरहेका समस्या र आगामी कार्यदिशा सम्वन्धमा दुई दिवशीय मुख्य प्रवन्धक स्तरीय अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । बैंकका प्रमुख कार्यकारी अधिकृत,नायव महाप्रवन्धकहरू ,क्षेत्रीय प्रमुखहरू ,विभागीय प्रमुखहरूको सहभागिता रहेको उक्त कार्यक्रममा प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठले आफूले पेश गरेका व्यावसायिक योजनाहरू अब रावावैकमा कार्यरत सबैका साझा योजना बनेको वताउदै देशमा वित्तिय पहुंच बढाउन शाखा कार्यालय पुनस्थापनामा जोड दिने ,लक्ष्य अनुसारको कर्जा वृध्दि गर्ने,समय सीमा तोकेर कार्य सम्पादन गर्ने संस्कृतिको विकास गर्ने, कार्यसम्पादन उन्मुख कार्य योजना बनाउने तथा रचनात्मक सुझावहरू आदान प्रदान गर्ने निर्देशन दिनुभयो ।

सो समारोहमा बैंकका नायव महाप्रवन्धक विष्णु प्रसाद वैद्यले बैंकको मानव संशाधन, ब्रान्च अपरेसन तथा सामान्य सेवाको वर्तमान



अवस्था र आगामी कार्य योजनाबारे प्रस्तुती दिनुभएको थियो भने नायव महाप्रवन्धक भुपेन्द्र प्रसाद पाण्डेले बैंकको समग्र अवस्था र चुनौतीबारे प्रस्तुती दिनुभएको थियो ।

सो कार्यक्रममा विराटनगर क्षेत्रका प्रमुख गोपाल प्रसाद पौडेल,वीरगन्ज क्षेत्रका प्रमुख वालकृष्ण घिमिरे,काठमाडौ क्षेत्रका प्रमुख शशि आचार्य ,पोखरा क्षेत्रका प्रमुख गणेश कुमार ढकाल, नेपालगन्ज क्षेत्रका प्रमुख महेन्द्र प्रसाद अवस्थीले क्षेत्रगत प्रस्तुती दिनुभएको थियो ।

सो कार्यक्रममा वित्त विभागका प्रमुख सरस्वती अधिकारी, व्यवस्थापन सूचना प्रणाली तथा बजेट विभागका प्रमुख रमिता सुवाल, संस्थागत तथा साना मझौला कर्जा विभागका प्रमुख नरेशराज अर्याल, पूर्वाधार तथा सहवित्तियकरण कर्जा विभागका प्रमुख केशव प्रसाद लम्साल, कृषि तथा सामाजिक बैंकिंग विभागका प्रमुख टेकराज जोशी, मुख्य शाखा काठमाडौका प्रवन्धक उध्दव प्र. खनाल, कर्जा असुली तथा सा.से.वि.का प्रमुख भरत के.सि., जोखिम व्यवस्थापन विभागका प्रमुख सुनिल पोखरेल, ट्रेजरी विभागका प्रमुख देवेन्द्ररमण खनाल, सम्पत्ति व्यवस्थापन विभागका प्रमुख महेशराज खरेल,सूचना प्रविधि विभागका प्रमुख देवेश प्र.लोहनी, इलेक्ट्रोनिक विभागका प्रमुख कपिलमणि ज्ञवाली, कानुन विभागका प्रमुख सुनिल कुमार रेग्मी, तालिम तथा विकास विभागका प्रमुख निरुवावा जोशी, मानव संशाधन विभागका उप प्रमुख विष्णु प्रसाद गैरे, ब्रान्च अपरेसन विभागका मनोज कुमार वर्मा, आन्तरिक लेखा परीक्षण विभागका कृष्णानन्द झा, कम्प्लायन्स महाशाखाका प्रमुख तुलसीदास कोइरालाले सम्वध्द विभाग तथा महाशाखाको कार्यसम्पादनबारे प्रस्तुती दिनुभएको थियो ।

*(ब्रान्च अपरेसन विभागका प्रवन्धक सरोज वस्नेत र उप प्रवन्धक इश्वरी न्यौपानेको सहयोगमा तयार सामाग्रि )*

**बजेट** विविधा

अर्थमन्त्री विष्णु प्रसाद पौडेलद्वारा संसदमा प्रस्तुत गरिएको आ.व. ०७३।०७४ को बजेटमा वित्तिय पहुंच र वित्तिय साक्षरतालाई विशेषः जोड दिइएको छ ।

**वित्तिय पहुंच :** ...बैंक तथा वित्तिय संस्थालाई ग्रामीण क्षेत्रमा सेवा विस्तार गर्न उत्प्रेरित गरिनेछ । मोवाईल बैंकिंग र शाखारहित बैंकिंगको प्रवर्ध्दन गरिनेछ । एक घर एक बैंक खाता नीति लागू गरिनेछ ।

**वित्तिय साक्षरता :**...वित्तिय साक्षरता कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ ।

## व्यवस्थापन — समय व्यवस्थापनका केही उपाय

१) **यथास्थितिको समीक्षा गर्नुहोस्**
एकदिनमा उपलब्ध २४ घन्टाको कति कति समय तपाई कुन्, कुन् काममा प्रयोग गर्नुहुन्छ त्यसको सूचि बनाउनुहोस्, कहाँ कहाँ बढी खर्च भएको छ समीक्षा गरी कुन अंश अनुत्पादक छ कुन काममा बढी समय लगानी गर्नु पर्दछ सोही अनुसार समयतालिका परिमार्जन गर्नुहोस् ।

२) **एकै समयमा एकभन्दा बढी काम गर्नुहोस्**
एक पन्थ वहु काजको सूत्र लागू गर्नुहोस् ।

३) **व्यवस्थित बन्नुहोस्**
आफूलाई आवश्यक पर्ने वस्तु सामान ठीक स्थानमा राख्नुहोस् ताकि त्यही सामान खोज्दा अरु समय वरवाद नहोस् ।

४) **कामको सूचि बनाउनुहोस्, कामको प्राथमिकता तोकि सोही अनुसार सम्पादन गर्नुहोस् ।**

५) **सुविधाहरूको सदुपयोग गर्नुहोस् ।**
जमाना प्रविधिको छ उपलब्ध भएसम्मका सुविधा प्रयोग गर्नुहोस् ।

६) **जिम्मेवारी बांड्नुहोस्**
आफूले सक्नेजति काम आफूले गर्नुहोस् अरु काम साथीभाई या सहयोगीलाई बांड्नुहोसु । काम अरुबाट गराउनु पनि आफैले गरे समान हो व्यवस्थापनमा त भनिन्छ नै 'म्यानेज् मेन टयाक्टफूल्ली'।

७) **निर्धारित कामबाट नभाग्नुहोस् ।**
आजको कामलाई भोलि नभन्नुहोस् ।

८) **आफ्नो लागि उपयुक्त समय चिन्नुहोस् ।**
सबैभन्दा बढी एकाग्रता चाहिने काम गर्न आफूलाई उपयुक्त हुने समय चिनेर सोही समयमा आफ्नो काम गरेमा समयको फारो हुन्छ ।

९) **अनुत्पादक व्यस्ततामा नअल्मलिनुहोस् ।**
अनावश्यक टेलिफोन गफ, च्याट, फेसबुक, साथीभाईसंग आवश्यकताभन्दा बढी समय गफ, कुराकानी, अखवारमा लामो समय अल्झाइ आदीबाट जोगिनुहोस् ।

१०) **नाई भन्न सिक्नुहोस् ।**
सामाजिक सम्वन्ध, भद्रता, संगठनको ओहदा आदीको कारणले कुनै कुनै काम नाई भन्न गाह्रो हुन्छ, सकेसम्म उपयुक्त काम गरिपनि दिनु पर्दछ तर यदि त्यो काम आफूबाट कसै संभव छैन भने माफ पाउं भन्न सिक्नुहोस् किनकि पहिले काम गर्ने वचन दिएर नगर्नुभन्दा पहिल्यै माफीबाट उम्कनु श्रेयष्कर हुन्छ ।

## अवकाश योजना — के तपाई अवकाशको नजिक हुनुहुन्छ ?

यदि तपाई अवकाशको नजिकै आईपुग्नुभएको छ भने अवकाश हुनु ३ महिनापूर्वबाट अवकाशोपरान्तको योजना बनाउनुहोस् ताकि लामो अवधि सीधा मार्गमा हिंडिरहेको तपाईको जीवन गाडीलाई स्टेरिंग काटेर यू टर्न लिन सहज होस् । निश्चय पनि केही अपवादवाहेक बैकिंग कार्यालयमा अत्यधिक व्यस्तता रहन्छ, अवकाश पश्चात खाली रहंदा Workaholic (काम नहुंदा हुने वेचैनी) ले सताउन सक्छ, त्यसैले अवकाशका दिनहरू सुखद् वनाउन अवकाशको भोलिपल्टबाटै गर्ने कामको योजना वनाई सोही दिनबाट काममा लागिहाल्नुहोस् किनकि काम केवल दाम होइन काम आराम समेत हो (यसले थकान ल्याउंछ र निद्रा वोलाउंछ) काम ज्ञान हो काम ध्यान हो । काम अर्थोपार्जन गर्ने नै हुनु पर्दछ भन्ने छैन सामाजिक कल्याण आध्यात्मिक उन्नयनको या कसैको परोपकारको काम पनि हुन सक्छ किनकि कुनै फलको आशा नराखी गरिने यस्तो निष्काम कर्मले तपाईलाई दिने सन्तुष्टि कुनै मूल्यमा नाप्न सकिंदैन, निष्काम कर्मलाई मानव सेवालाई हाम्रो पूर्विय दर्शनले माधव सेवा यानी भगवानको पूजा मानेको छ ।

## एटिएम अपरेसन सम्वन्धी तालीम सम्पन्न

*जेठ १५ काठमाडौं*

राष्ट्रिय वाणिज्य बैंक तालीम तथा विकास विभाग र इलेक्ट्रोनिक विभागको संयुक्त आयोजनामा संचालित १ दिवशीय एटिएम अपेरसन सम्वन्धी तालीम कार्यक्रमको बैंकका नायव महाप्रवन्धक भुपेन्द्र प्रसाद पाण्डेले एक समारोहका वीच शुभारम्भ गर्नुभयो। सो अवसरमा नामप्र पाण्डेले अबको बैकिंग प्रविधि आधारित हुने वताउँदै प्रतिष्पर्धी बैकिंगमा खरो उत्रन राम्रो नयां प्रविधिको कुशलतम प्रयोगबाट ग्राहक सेवालाई परिष्कृत बनाउनु पर्ने आवश्यकतामा जोड दिनुभयो। तालीम तथा विकास विभागका प्रमुख मित्रलाल पंज्ञानीले प्रविधिको प्रयोग गर्दा यसमा निहित खतराहरू हटाउन उत्तिकै सावधानी अपनाउनु पर्ने वताउनु भयो। इलेक्ट्रोनिक विभागका उप प्रमुख रिको स्थापितले एटिएम सेवा प्रवाह गर्ने शाखाहरूले ग्राहकबाट प्राप्त हुने एटिएम 'फेलर'का गुनासा न्यून गर्न अत्यधिक सजगता र सावधानी अपनाउनु पर्ने वताउनु भयो। तालीम तथा विकास विभागका प्रवन्धक शिवराम पौडेलको संचालनमा सम्पन्न उक्त तालीम कार्यक्रममा काठमाडौ उपत्यकास्थित शाखा कार्यालयहरूका साथै शाखा कार्यालय धादिङ्ग, गजुरी, धुलिखेलमा कार्यरत ५० एटिएम फोकल, आयोजक विभागहरूका १० सहित कुल ६० कर्मचारीको सहभागिता थियो।

*(तालीम तथा विकास विभागका सहायक प्रवन्धक मुक्त व. के.सी.को सहयोगमा तयार सामग्रि )*

### तालीम विदेश

३० मे देखि ३ जुन २०१६ सम्म थाइल्याण्डको बैंककमा सञ्चालित International Training and Study Visit on Banking Service Emerging Delivery Channels विषयक तालीम कार्यक्रममा निम्न कर्मचारीहरूले सफलतापूर्वक भाग लिनुभयो।

| पद तथा नाम | विभाग |
|---|---|
| का.मु मुख्य प्रवन्धक निरुवावा जोशी | मार्केटिंग तथा अनुसन्धान विभाग |
| का.मु. मुख्य प्रवन्धक महेश खरेल | आन्तरिक तथा लेखा परीक्षण विभाग |
| का.मु. मुख्य प्रवन्धक मनोज कुमार वर्मा | आन्तरिक लेखा परीक्षण विभाग |
| वरिष्ठ प्रवन्धक प्रेम बहादुर चन्द | क्षे.का. नेपालगंज |
| वरिष्ठ प्रवन्धक बाबुराम मरहठ्ठा | अन्तर शाखा हिसाव मिलान विभाग |
| वरिष्ठ प्रवन्धक राजेन्द्र कुमार कट्टेल | क्षे.का.पोखरा |
| वरिष्ठ प्रवन्धक विष्णु प्रसाद गैरे | मानव संशाधन विभाग |
| प्रवन्धक राजेश कुमार अग्रवाल | सूचना प्रविधि विभाग |
| प्रवन्धक सुनिता मानन्धर | मानव संशाधन विभाग |
| प्रवन्धक रुपक चन्द्र अमात्य | एमआइएस विभाग |
| प्रवन्धक द्बीजराज भट्ट | क्षे.का.काठमाडौं |
| प्रवन्धक रण बहादुर चन्द | आन्तरिक लेखा परीक्षण विभाग |
| प्रवन्धक देवराज रेग्मी | मुख्य शाखा कार्यालय काठमाडौं |
| प्रवन्धक रमेश कुमार पोखेल | कर्जा विभाग |




*महाभुकम्पमा योगदानको कदर-रावाबैंकले प्राप्त गरेको अवार्ड ग्रहण गर्दै बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठ*

### यूनियन गतिविधि

## रावाबैक कर्मचारी संघ नेपालको १० औ महाधिवेशन सम्पन्न (गतांकको बाँकी)

*चैत ६ पोखरा,* रावावैक कर्मचारी संघ नेपालको १० औं केन्द्रीय महाधिवेशन केही अघि सम्पन्न भयो। ने.क.पा. एमालेका उपमहासचिव घनश्याम भुसालको प्रमुख आतिथ्य रावावैकका नायव महाप्रवन्धक कविराज अधिकारीको विशेष आतिथ्यमा आयोजक संघका केन्द्रीय अध्यक्ष नारायणप्रसाद सुवेदीको



*नवनिर्वाचित पदाधिकारीहरू सामुहिक तस्विरमा*

सभापतित्वमा सम्पन्न समुद्घाटन समारोहमा विभिन्न वक्ताहरूले बैक र कर्मचारी सम्वन्धमा मन्तव्य दिनुभएको थियो। बैकको सम्वर्ध्दन तथा कर्मचारी हकहित सम्वन्धमा विभिन्न प्रस्तावहरू पारित गरेको उक्त महाधिवेशनले अध्यक्षमा वेद वहादुर लावती,वरिष्ठ उपाध्यक्षमा भरत प्रसाद भट्टराई,उपाध्यक्षद्वयमा कामेश्वर ओझा, तोया ढुंगेल, महासचिव हेमराज सुवेदी सहितको ३७ सदस्यीय केन्द्रीय समिति चयन गरेको छ। महाधिवेशन पूर्व सहभागी कर्मचारीको जुलुसले विभिन्न नारा अंकित प्लेकार्ड बोकेर नगर परिक्रमा गरेको थियो।

*(माधव प्र. अधिकारीको सहयोगमा तयार सामग्रि)*

## नेपाल वित्तिय संस्था कर्मचारी संघ रावाबैकको ८ औ परिषद सम्पन्न

*गतांकको बाँकी*

नेपाल वित्तिय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैकको ८ औ केन्द्रीय परिषद् केही पहिले वुटवलमा सम्पन्न भयो। नेपाल ट्रेड यूनियन कांग्रेसका केन्द्रीय अध्यक्ष खिलानाथ दाहालको प्रमुख आतिथ्य,रावावैकका का.मु. प्रमुख कार्यकारी अधिकृत भेषराज पन्थीको विशिष्ट आतिथ्य तथा आयोजक वित्तिय संस्था कर्मचारी संघका केन्द्रीय सभापती जितेन्द्र सिंह थापाको सभापतित्वमा सम्पन्न उक्त परिषद्ले संस्था तथा कर्मचारीको हीत सम्वर्धन निम्ति विभिन्न प्रस्ताव



*परिषद्को बैठक पूर्व नगरपरिक्रमा कार्यक्रममा सहभागिहरू*

पारित गरेको आयोजक संघद्वारा जनाईएको छ। परिषद्को समुद्घाटन सत्र अघि सहभागी कर्मचारीको जुलुसले वचत गरौं भविष्यको जोहो गरौं,बैकबाट कर्जा लिऔं, उद्यम व्यापारको विकास गरौं आदी वित्तिय चेतना फैलाउने प्लेकार्डसहित नगर परिक्रमा गरेको थियो।

समाचार संक्षेप

## मुनाफामा राष्ट्रिय वाणिज्य बैंक प्रथम

निक्षेप संकलनमा अग्रस्थानमा रहेको राष्ट्रिय वाणिज्य बैंक गत आर्थिक वर्ष ०७१।०७२ मा मुनाफा आर्जन गर्ने वित्तिय संस्थाहरूमध्ये प्रथम र समग्र ३२ सार्वजनिक संस्थानहरूमध्ये द्वीतिय स्थानमा रहेको छ। त्यस्तै रिटर्न अन इक्वीटिका आधारमा रावावैक समग्र वाणिज्य बैकहरूमध्ये दोश्रो स्थानमा रहेको छ। स्मरण रहोस् बैकले गत आ. व. मा रु ४ अर्ब ५० करोड खुद मुनाफा आर्जन गरेको थियो। मुनाफाका आधारमा रावाबैक प्रथम रहेको जानकारी अर्थ मन्त्री विष्णु प्रसाद पौडेलले संसदमा आर्थिक सर्वेक्षण प्रस्तुत गर्ने क्रममा दिनुभएको हो।




*साधारण सभाको एक झलक*

## राष्ट्रिय वाणिज्य बैंकको मुनाफा १ अरब ६२ करोड

राष्ट्रिय वाणिज्य बैंकले चालु आर्थिक वर्षको प्रथम ९ महिनामा १ अरब ६१ करोड ९६ लाख खुद मुनाफा हासिल गरेको छ। गत वर्ष देशले सामना गर्नु परेको महाभूकम्प तथा तराई मधेश अशान्ति,भारतसंगको अवरोधपूर्ण व्यापारका कारण बैकको यो मुनाफामा गत वर्षको यसै अवधिको तुलनामा ६० प्रतिशतले कमी छ।

## राष्ट्रिय वाणिज्य बैकका थप ३ शाखा विस्तार

राष्ट्रिय वाणिज्य बैकले वाणगंगा (कपिलवस्तु) वरहथवा (सर्लाही), मानेभन्ज्यांग (ओखलढुंगा) मा शाखा विस्तार गरी सेवा आरम्भ गरेको छ।



*बैंककमा केही पहिले सम्पन्न तालिम कार्यक्रमका सहभागीहरु सामुहिक तस्विर खिचाउँदै। तस्विर सहयोगः राजेश अग्रवाल*

## ग्राहकको आवाज

*ग्राहकको नाम :* वलदेव शर्मा

*शाखा कार्यालय :* तुलसीपुर

*ग्राहक :* निक्षेप (वचत )

*प्रश्न :*कति वर्षदेखि कारोवार गर्दै हुनुहुन्छ रावावैकमा ?

*उत्तर :* विगत झण्डै ३६ वर्षयता।



*शाखा कार्यालय तुलसिपुरको एक झलक*

*प्रश्न :*बैकको सेवामा केही फरक पाउनु भएको छ ?

*उत्तर :*पहिला पहिला घन्टौं लाइनमा उभिनु पर्थ्यो चेकको भुक्तानी लिन, अहिले तत्काल पाइन्छ, अझ छिटै चाहिए एटिएम छ।

*प्रश्न :* अरु केही सुझाव गुनासो भए ?

*उत्तर :* पहिलेभन्दा बैकको सेवा राम्रो भएको छ, यस बैंकको एटिएम सेवामा भने धेरै ठाउँमा गुनासो सुनिन्छ।

## समवेदना

यस बैकको केन्द्रीय कार्यालय कृषि तथा सामाजिक कर्जा विभागका उपप्रवन्धक राममणि अधिकारीका पिता डण्ड प्र. अधिकारी (९२) को मिति ०७३।१।५मा, क्षेत्रीय कार्यालय काठमाडौंका सहायक प्रवन्धक भुपेश कुमार फुंयालका पिता मोतीलाल शर्मा फुयांल (७६ )को मिति ०७३।२।२१ मा,मुख्य शाखा कार्यालय विशालबजारका सहायक बाबुराम शर्माका पिता सोमनाथ उपाध्याय (१०३) को मिति ०७३।२।३१ मा, शाखा कार्यालय सुर्खेतका शाखा प्रवन्धक होतराम योगीका पिता मान बहादुर योगी (८२), शाखा कार्यालय सुनवलका सुरक्षा गार्ड खिम बहादुर रानाकी माता सुमित्रा राना (८५), शाखा कार्यालय वीरगन्जका प्रवन्धक सीताराम अधिकारीकी माता कृष्णमाया अधिकारी (७५) र क्षेत्रीय कार्यालय विराटनगरका सहायक प्रवन्धक शरद बरालकी माता नर्वदा बराल (९४) को केही पहिले निधन भएकोमा दिवंगत आत्माहरूको चिर शान्तिको कामना सहित हार्दिक समवेदना प्रकट गर्दछौं।

राष्ट्रिय वाणिज्य बैंक लि. RASTRIYA BANIJYA BANK LTD. . . . तपाईंको आफ्नै बैंक

**राष्ट्रिय वाणिज्य बैंक परिवार**

## पत्र पत्रिकामा राष्ट्रिय वाणिज्य बैक



### रावाबैंकलाई 'वेस्ट आईसीटी युजर' अवार्ड

काठमाडौं, १० जेठ (कास): राष्ट्रिय वाणिज्य बैंक 'वेस्ट आईसिटी युजर इन पब्लिक सेक्टर अवार्ड-२०१६' बाट पुरष्कृत भएको छ। उपराष्ट्रपति नन्दबहादुर पुनले बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठलाई उक्त पुरस्कार हस्तान्तरण गरे। महाभूकम्पको कठिन अवस्थामा जनताको आधारभूत आवश्यकताका रूपमा रहेको बैंकिङ सेवा निर्वाध ढंगले उपलब्ध गराएकोमा बैंकलाई नेपाल सरकार सूचना तथा प्रविधि विभाग तथा कम्प्युटर महासंघ नेपालद्वारा उक्त अवार्ड प्रदान गरिएको हो।



### राष्ट्रिय वाणिज्य बैंकको साधारणसभा



### रावा बैङ्कको साधारणसभा

# नेपाल प्रहरी र राष्ट्रिय वाणिज्य बैंक बीच सम्झौता

२०७३, असार १६, काठमाडौं

नेपाल प्रहरी र राष्ट्रिय वाणिज्य बैंक लिमिटेड बीच सम्पूर्ण नेपाल प्रहरी कर्मचारीहरुको तलबी बचत खाता खोली सञ्चालन सम्बन्धमा बिहिबार समझदारी भएको छ । उक्त समझदारी पत्रमा नेपाल प्रहरीका महानिरिक्षक श्री उपेन्द्रकान्त अर्यालको समुपस्थितीमा प्रहरी अतिरिक्त महानिरिक्षक श्री रमेश शेखर बज्राचार्य र राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत श्री किरण कुमार श्रेष्ठले हस्ताक्षर गर्नुभयो । समझदारी पछि बैंकले आफ्ना हाल ६७ जिल्लामा रहेका १६७ वटै शाखा कार्यालयहरुबाट नेपाल प्रहरीका सम्पूर्ण कर्मचारीहरुलाई आवश्यक प्रकिया पुर्‍याएर शुन्य मौज्दातमा तलबी बचत खाता खोलीदिने, सहुलियत दरमा एटिएम डेबिट कार्ड, मोवाइल बैकिङ्ग सुविधा, एबिबिएस सुविधा, निशुल्क स्टेटमेन्ट, चेकबुक सुविधा, दुई लाख रुपैया सम्मको निक्षेप बीमा, एक लाख रुपैया सम्मको दुर्घटना बीमा, प्रहरी तथा प्रहरीका परिवारलाई नियमानुसार डलर सटही सुविधा प्रदान गर्न तथा VISA Debit Card International/Travel quota सुविधा उपलब्ध गराउने छ ।

उक्त अवसरमा नेपाल प्रहरीका प्रहरी महानिरिक्षक श्री उपेन्द्रकान्त अर्यालले



इतिहास बोकेको नेपाल सरकारको पूर्ण स्वामित्वको राष्ट्रिय वाणिज्य बैंकसंग तत्काल करिब ७२ हजार प्रहरीको तलबी खाता संचालन गर्न पाउदा खुशी लागेको विचार ब्यक्त गर्नुभयो । प्रहरी महानिरिक्षक अर्यालले यसबाट प्रहरीले अब नगद बोकेर हिड्नु नपर्ने र प्रहरीको बचत गर्ने बानिमा बिकास हुने बताउनुभयो । सो अवसरमा राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत श्री किरण कुमार श्रेष्ठले उक्त समझदारी ऐतिहासिक भएको बताउदै नेपाल प्रहरीका कर्मचारीहरुलाई बैंकका आधुनिक सेवाहरु उपलब्ध गराउदै जाने प्रतिबद्धता ब्यक्त गर्नुभयो । साथै श्रेष्ठले हाल ६७ जिल्लामा रहेका यस बैंकको सेवालाई निकट भविश्यमा ७५ वटै जिल्लामा विस्तार गर्ने अभियानमा बैंक रहेको र यसबाट नेपाल प्रहरी लगायत सर्वसाधारण जनता लाभान्वित हुने विश्वास ब्यक्त गर्नुभयो । उक्त कार्यक्रममा राष्ट्रिय वाणिज्य बैंकका नायब महाप्रवन्धक श्री बिष्णु प्रसाद बैद्य, इलेक्ट्रोनिक विभागका प्रमुख श्री कपिलमणी ज्ञवाली, सुचना प्रविधि विभागका प्रमुख श्री देवेश लोहनी, ब्रान्च अपरेशन विभागका उप प्रमुख श्री नारायण प्रसाद सुवेदी, प्रवन्धक श्री सरोज बस्नेत, शाखा कार्यालय नक्सालका प्रवन्धक श्रीमती सोनी श्रेष्ठ, ब्राँच अपरेशन विभागका उप प्रवन्धक इश्वरी न्यौपाने, लक्ष्मी प्रसाद पराजुली, प्रमुख कार्यकारी अधिकृतको कार्यलयका ईश्वर उप्रेती लगायत नेपाल प्रहरी र बैंकका पदाधिकारीको समुपस्थिती रहेको थियो ।

### आगामी अंकमा क्रमश..

स्थानाभावको कारणले यस अंकमा समावेश गर्न नसकिएका निम्न शिर्ष समाचारको विस्तृत विवरण आगामी अंकमा प्रकाशित गरिने व्यहोरा अनुरोध छ - सं.

- रावावैक र उद्योग वाणिज्य संघ गोरखाबीच अन्तरक्रिया
- ब्रान्चलेस बैकिङ्ग सम्बन्धी तालिम सम्पन्न
- इलेक्ट्रोनिक चेक क्लियरीङ्ग(इसीसी) सम्बन्धी प्रशिक्षण सम्पन्न

# ब्रान्च प्रोफाईल शाखा कार्यालय लालवन्दी १२८

## (गत आर्थिक वर्षको सर्वोत्कृष्ठ शाखा)

| | |
|---|---|
| निक्षेप (हाल) | : ९० करोड |
| कर्जा (हाल ) | : १ अरब २५ करोड |
| ग्राहक संख्या | : १९२१४ (कर्जा : १५५३ निक्षेप :१७६६१) |
| | कुल कर्जा भाखा नाघेको कर्जा अनुपात ०.००४ प्रतिशत (हाल) |




| | |
|---|---|
| गत आ.व. को मुनाफा | : ६ करोड १९ लाख |
| कर्मचारी संख्या | : १३ |
| शाखा प्रवन्धकको नाम | : फौद ब.सुनुवार |
| प्रति कर्मचारी निक्षेप | : ६.९२ करोड |
| प्रति कर्मचारी कर्जा | : ९.८१ करोड |
| प्रति कर्मचारी मुनाफा | :४७ लाख |



*(उत्कृष्ठताका सम्बाहकहरू सामुहिक तस्विरमा)*

सफलताको रहस्य :उच्च व्यवस्थापनको सहि मार्गनिर्देशन, शाखा व्यवस्थापनको सहि निर्णय र कार्यान्वयन सक्रियता, कियाशील समूह कार्य, नयाँ बिचारको खोज, स्पष्ट दृष्टिकोण, कर्मचारीको सामूहिक प्रयास, बिहान देखि बेलुकासम्म कार्य लगाब र खटाइ र बिभिन्न विभागहरूमा सहि समयमा रिपोर्टिङ, कार्यालयमा ग्राहक मैत्री वातावरण निर्माण आदि ।

Published by: Rastriya Banijya Bank Ltd., Central Office, Chief Executive Officer's Office
Public Relation & Information Branch, Singhadurbar Plaza, Kathmandu, Ph: 4252595 Ext. 2423
Chief Advisor : CEO Kiran Kumar Shrestha, Advisor: Chief Information Officer: Bishnu Prasad Baidya
Email:rbbnl@rbb.com.np
Printed at : Adarsha Chhapakhana Pvt. Ltd., Bhaktapur